नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७७।०७८
चलानी नं :

मितिः- २०७८।०२।१९

## चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

नयाँ भेरियन्ट सहितको कोभिड-१९को संक्रमण यस जिल्लामा अझै सम्म पनि उच्च जोखिममा रहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा (४), संक्रामक रोग ऐन, २०२० को दफा (२) र स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०१।१५ गते जारी गरिएको आदेशलाई तपशिल बमोजिम हुने गरी मिति २०७८।०२।२० गते राती १२:०० बजे देखि मिति २०७८।०२।२७ गते राती १२:०० बजे सम्म चितवन जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ ।

क) संचालन गर्न नपाइने सेवा तथा कार्यहरु :

१. अत्यावश्यक काममा बाहेक कोही पनि व्यक्ति घर बाहिर निस्कन तथा हिडडुल गर्न नपाइने । तर औषधि खरिद वा उपचार र अत्यावश्यक उपभोग्य बस्तु खरिद जस्ता अत्यावश्यक काम परी निस्कनै पर्दा अनिवार्य रुपमा मास्क लगाउने, भौतिक दुरी कायम गर्ने तथा तोकिएका जनस्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ ।

२. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, जात्रा, महोत्सव सञ्चालन ।

३. सिनेमा, पार्टी प्यालेस, डिपार्टमेन्टल स्टोर्स, हेल्थ क्लब, दोहोरी रेष्टुरेन्ट, फनपार्क, फुटसल, पुस्तकालय, संग्रहालय, फिटनेस सेन्टर, जिमखाना, स्पा, स्वीमिङ्गपुल, ब्युटीपार्लर, सैलुन, टेलरिङ्ग, फुटपाथ पसल जस्ता कार्य सञ्चालन ।

४. होटल तथा रेष्टुरेन्टवाट टेक अवे सेवा वाहेक अन्य सेवा सन्चालन ।

५. फुटपाथ वा खुल्ला ठाउ वा ठेलागाडा वा साइकलबाट सञ्चालन हुने व्यापार/व्यवसाय तथा कवाडी संकलन ।

६. विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायत सबै शैक्षिक संस्थाहरूमा भौतिक रुपमा उपस्थित भई हुने पठन/पाठन तथा परीक्षा लगायतका शैक्षिक गतिविधिहरू ।

७. विवाह, व्रतबन्ध लगायत अन्य संस्कारजन्य कार्यक्रमहरु होटल तथा पार्टी प्यालेसमा संचालन गर्न नपाइने । तर घरमा संचालन गर्ने यस प्रकारका कार्यक्रममा बढीमा १० जनामा नबढ्ने गरी तोकिएका जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य पालना गरी गर्ने ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

☎ टेलिफोनः ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७७।०७८
चलानी नं :

८. मृत्यु संस्कारमा १५ जना भन्दा बढी व्यक्ति सहभागी हुन नपाइने । उक्त कार्यमा सवारी साधन प्रयोग गर्नु पर्ने भएमा जिल्ला प्रशासन कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. लामो तथा छोटो दुरीका सार्वजनिक एवं निजी सवारी साधन संचालन गर्न नपाइने ।

१०. मठ, मन्दिर, मस्जिद, गुम्वा तथा चर्च लगायतका धार्मिक स्थलमा दैनिक नित्य पुजा बाहेक अन्य जमघट गर्न नपाइने ।

११.चितवन राष्ट्रिय निकुञ्ज तथा सामुदायिक बनमा हुने सबै प्रकारका जंगल सफारी तथा नारायणी र रासि नदिमा हुने जलयात्रा सञ्चालन गर्न नपाइने ।

१२.अत्यावश्यक सेवाप्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालयबाट हुने सेवाप्रवाह सो अवधिभर स्थगन गर्ने तर न्यूनतम कर्मचारी उपस्थित भई कार्यालयको आन्तरिक तथा प्रशासनिक कार्य मात्र संचालन गर्ने । घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था गर्ने ।

ख) संचालन गर्न पाइने सेवा तथा कार्यहरु :

१. औषधि, अक्सिजन सिलिण्डर तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल सञ्चालन गर्न पाइने छ ।

२. अत्यावश्यक सेवा जस्तै दूरसंचार, इन्टरनेट, विद्युत, फोहोरमैला ब्यवस्थापन, खानेपानी आपूर्ति सम्बन्धी सेवा तथा पेट्रोल पम्प दैनिक सञ्चालन गर्न पाइनेछ ।

३. तरकारी, फलफूल, दुध डेरी माछा/मासु, अण्डा, चल्ला, दाना, एग्रोभेट, विउविजन, रासयनिक मल, खाना पकाउने ग्याँस पसलहरू दैनिक विहान ६:०० बजे देखि विहान ९:०० बजे सम्म मात्र सञ्चालन गर्न पाइने । दुध डेरीको हकमा वेलुकी ५:०० बजे देखि बेलुकी ७:०० वजे सम्म समेत सञ्चालन गर्न पाइने छ ।

४. बुदाँ नं (१), (२) र (३) बाहेकका खाद्यान्न लगायत अन्य अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको हकमा हप्ताको ३ (तीन) दिन अर्थात आइतवार, मंगलबार र बिहिबार विहान ६:०० बजे देखि विहान ९:०० बजे सम्म मात्र सञ्चालन गर्ने ।

५. अत्यावश्यक सेवा प्रयोजनका लागि बैंक, बित्तीय संस्था तथा सहकारी संस्थाबाट हुने बैंकिङ सेवाको हकमा न्यूनतम कर्मचारी खटाई आइतवार, मंगलबार र विहिवार मात्र तोकिएका जनस्वास्थ्यका मापदण्डको अनिवार्य रुपमा पालना गरी/गराई बैकिङ सेवा संचालन गर्ने पाइने । बैंक तथा वित्तीय संस्थाका ATM बुथहरू २४ सै घण्टा सञ्चालन गर्नु पर्ने छ ।

२०७८/१/१५
प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७७।०७८
चलानी नं :

६. उद्योग/कलकारखानाको हकमा कर्मचारी तथा कामदारलाई उद्योग परिसरमै खाने/बस्ने व्यवस्था गर्ने सो संभव नभएमा उद्योगको सवारी साधनले नै घर सम्म लाने/ल्याउने व्यवस्था गर्ने तथा नेपाल सरकारले तोकेका जनस्वास्थ्य तथा सुरक्षाका मापदण्डको अनिवार्य पालना सुनिश्चितता गरेर मात्र सञ्चालन गर्ने ।

**ग) संचालन गर्न पाइने सवारी साधनहरु :**

१. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स (बिरामी बाहेक २ जना कुरुवा समेत), शववाहन, दमकल, सुरक्षा निकाय, स्वास्थ्यकर्मीले प्रयोग गर्ने सवारी साधन, अक्सिजन तथा स्वास्थ्य सामाग्री ढुवानीका साधन र पेट्रोलियम पदार्थ ढुवानीका साधनहरु ।

२. तरकारी, फलफूल, दुग्ध पदार्थ, खानेपानी आपूर्ति, फोहोरमैला व्यवस्थापन, विद्युत, खाद्यान्न, पशुपन्छिजन्य सामग्री, दाना, माछा/मासु, अण्डा, कृषि उपज, विउ विजन, रासयनिक मल तथा कृषि औजार ढुवानी गर्ने सवारी साधन ।

३. दूरसंचार, इन्टरनेट, आइसोलेसन, सरसफाइमा प्रयोग गरिने साबुन/स्यानिटाइजर, कुरियर तथा डाँक सेवा ।

४. कुटनीतिक नियोगका सवारी साधन, बैकको ATM संचालनमा प्रयोग हुने सवारी साधन र अत्यावश्यक सेवाका लागि प्रयोग हुने सवारी साधन ।

५. समाचार संकलन/संप्रेषणका लागि परिचयपत्र बाहक संचारकर्मीले प्रयोग गरेका र पत्रपत्रिका वितरणका लागि प्रयोग भएका सवारी सधान ।

६. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरूको हकमा हवाइ टिकट, पासपोर्ट र भिषाको निस्साको आधारमा सिधै एयरपोर्ट सम्म जाने सवारी साधन ।

७. राजमार्ग भई अन्य जिल्लामा जाने मालवाहक सवारी साधन, निर्माण सामग्री ढुवानी गर्ने सवारी साधन र खाली फिर्ता हुने सवारी साधन । जिल्ला भित्र निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनको हकमा विहान ६:०० बजे देखि बेलुकी २:०० बजे सम्म मात्र सञ्चालन गर्न पाइनेछ ।

घ) साथै उपर्युक्त आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झै आवश्यक सहयोग, समन्वय तथा सहजिकरण हुन सम्बद्ध सबै सरोकारवाला र आम चितवनबासी दिदीबहिनी तथा दाजुभाई समक्ष हार्दिक अनुरोध छ ।

ङ) उल्लिखित आदेशको अवज्ञा गर्ने वा आदेशको कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७८।२।१५
प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी